नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र संख्या: ०७९/८०

चलानी नं.: १५६

मिति :२०७९/०६/२५

विषय: स्थानीय तहको हिसाब भिडान सम्बन्धमा ।

श्री स्थानीय तह (सबै),

प्रस्तुत विषयमा महालेखा नियन्त्रक कार्यालयको च.नं.२० मिति २०७९/०६/२५ को स्थानीय तहको हिसाब भिडान सम्बन्धी पत्र र सो पत्रसाथ प्राप्त वार्षिक हिसाब भिडान तथा वित्तीय विवरण सम्बन्धी निर्देशन आवश्यक जानकारी एवम् कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

०७९/६/२५

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थ:

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर ।

श्री सूचना तथा प्रविधि शाखाः website मार्फत जानकारी पठाईदिनु हुन ।

नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

## Financial Comptroller General Office

अन्तर सरकारी वित्त समन्वय शाखा

च.नं. २०

मितिः २०७९/०६/२५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार ।

विषयः स्थानीय तहको हिसाब भिडान सम्बन्धमा ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा ४ बमोजिम स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयहरुलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने तथा सोही ऐनको दफा ५ बमोजिम संघीय संञ्चित कोष, प्रदेश सञ्चित कोष, स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणका आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको रहेको छ। महालेखा नियन्त्रक कार्यालयको उपरोक्तानुसारको जिम्मेवारी पुरा गर्न अधिकाँश स्थानीय तहबाट प्राप्त गर्नुपर्ने वित्तीय विवरण प्राप्त हुन नसकेको सन्दर्भमा तहां मन्त्रालयबाट सबै स्थानीय तहहरुमा आर्थिक बर्ष २०७८/२०७९को हिसाव भिडान गरी सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA)मा लक गर्ने व्यवस्था मिलाउनुहुन भनि आवश्यक निर्देशन तथा समन्वय हुन यस कार्यालयको मिति २०७९/०६/२५ को निर्णयानुसार अनुरोध छ ।

रोमाकान्त काफ्ले

उप महालेखा नियन्त्रक

अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७११४०

फ्याक्स नं.- ०१-४७७०३८६, E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np